आज मिती २०७५/९/१० गते मंगलवारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ४५ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | विरध्वज लिम्बु | योजना शाखा | |
| १७ | विर बहादुर खड्का | कानुनी सल्लाहकार | |
| १८ | कमल प्रसाद भण्डारी | कास | |

Scanned by CamScanner

प्रस्तावहरु

१. हेभी इक्विमेण्ट सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

२. माइबेनि मेला सञ्चालन सम्बन्धमा।

३. चौकिको जग्गा व्यवस्थापन सम्बन्धमा।

४. राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय माग सम्बन्धमा।

५. गाउँपालिकाको हेभी इक्विपमेण्ट प्रयोग गरी स्तरोन्नती गर्ने सडक खण्ड सम्बन्धमा।

६. नयाँबजार गुप्ति जोगमाइ सडक खण्ड मर्मत सम्बन्धमा।

७. वाल मैत्री स्थानीय शासन अन्तर्गत वाल प्रोफाइल निर्माण सम्बन्धमा।

८. असिष्टेन्ट सव इन्जिनियर सेवा करार सम्बन्धमा।

९. नामसालिंग माध्यमिक विद्यालय सम्बन्धमा।

१०. आगामी हिउँदे गाउँसभा सम्बन्धमा।

निर्णयहरु

१ प्रस्ताव नं १ माथि छलफल गर्दा हेभी इक्विमेण्ट सञ्चालन तथा व्यवस्थापन गर्न तपशिल बमोजि समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

क) पुर्वाधार विकास समिति संयोजकः संयोजक

घ) योजना शाखा प्रमुख तथा कर्मचारीः सदस्य

ङ) प्रविधिक फाँट प्रमुख वा निजले तोकेको कर्मचारीः सदस्य

च) प्रशासन शाखा कर्मचारीः सदस्य

छ) लेखा/राजश्व शाखा प्रमुख वा कर्मचारीः सदस्य सचिव

हेभी इक्विमेण्ट सञ्चालन तथा व्यवस्थापनको अनुगमन समितिमा निम्न बमोजिम पदाधिकारी रहनेः

क) गाउँपालिका अध्यक्षः संयोजक

ख) गाउँपालिका उपाध्यक्षः सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

उक्त संचालकसमिति द्वारा हेभी इक्विमेण्ट तथा हेभि सवारी साधन अपरेटर तथा चालकको छनौट तथा नियुक्तिको लागी सिफारिस समेत गर्नको लागी सम्पुर्ण अधिकार दिने निर्णय गरियो।

हेभी इक्विमेण्ट तथा हेभि सवारी साधन अपरेटर तथा चालकको सुविधा निम्न अनुसार हुने निर्णय गरियो।

निम्न

| क्र सं. | पद | मासिक तलव | थप सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | इस्क्याभेटर अपरेटर | नेपाल सरकार नियमानुसार | प्रति घण्टा रु १२०/- ( ब्रेकर भए थप रु २०/-) | |
| २ | व्याक हो लोडर अपरेटर | नेपाल सरकार नियमानुसार | प्रति घण्टा रु १००/- | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | टिपर चालक | नेपाल सरकार नियमानुसार | प्रतिकार्य दिन रु २००/- खाजा खर्च | |
| ४ | हेभी इक्विमेण्ट हेल्पर | मासिक रु ८०००/- | प्रति घण्टा रु ५०/- | |
| ५ | हेभि सवारी सहचालक | मासिक रु १००००/- | प्रति कार्यदिन १००/- खाजा खर्च | |

२. प्रस्ताव नं २ माथि छलफल गर्दा माइबेनि मेला सञ्चालन, व्यवस्थापन तथा आवश्यकता अनुसार ठेक्का सम्वन्धी कार्य गर्ने सम्पुर्ण अख्तियारी वडा नं. ४ वडा समितिलाइ दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय नयाँबजारको लागी जग्गा साविक गा.वि.स हुँदाको प्रहरी चौकी नयाँबजार रहेको स्थान (नयाँबजार स्वास्थ्य चौकी र राइ यायोक्खा थानको सिमानामा रहेको ) मा व्यवस्थापन गराइने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा माइजोगमाइ गाउँपालिकामा सरकारी बैंकको अवश्यकता महसुस गरी राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय स्थापनाको लागी सम्बन्धित निकायमा माग लेखी पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाको हेभी इक्विपमेण्ट प्रयोग गरी स्तरोन्नती गर्ने सडक खण्ड र अनुमानित बजेट र प्राथमिकिकरण निम्न अनुसार रहने निर्णय गरियो ।

| क्र.सं. | सडक खण्डको नाम | लागत अनुमान रकम रु | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँबजार प्यांग सडक खण्ड स्तरोन्नती | रु ५००००००/- (पचास लाख) | प्रथम | |
| २ | नयाँबजार सौचालयबाट २ नं. वडा कार्यालय जोडने सडक खण्ड स्तरोन्नती | रु ३५०००००/- (पैतिस लाख) | दोस्रो | |
| ३ | नयाँबजार सुक्रबारे हात्तिटार बज्रदेवी सडक खण्ड स्तरोन्नती | रु २५०००००/- (पच्चिस लाख) | तेस्रो | |
| ४ | स्यालढुंगा मेलडाँडा हुँदै वडा नं.५ वडा कार्यालय जोडने सडक खण्ड स्तरोन्नती | रु २५०००००/- (पच्चिस लाख) | चौथो | शिर्षक परिवर्तन गर्नुपर्ने भए वडा कार्यालयबाट निर्णय गरी पठाउनु पर्ने । |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा नयाँबजार गुप्ति जोगमाइ सडक खण्डको हम्स हटाउने तथा आवश्यक ठाउँमा मर्मत सम्भार गर्न रु ६६०००/- (छैसठ्ठी हजार मात्र) विनियोजन गरी अमानत बाट निम्न बमोजिम कार्य गराउने निर्णय गरियो ।

| क्र सं. | मर्मत गर्ने सडक खण्डको नाम | विनियोजित रकम | अनुगमन को जिम्मेवार व्यक्ति | खर्चको जिम्मेवार व्यक्ति | कै. |
|---|---|---|---|---|---|
| १ | नयाँबजार गुप्ति जोगमाइ सडक खंण्ड | ६६०००/- (छैसठ्ठि हजार मात्र) | याम कुमार कार्की (वडा नं १ वडाध्यक्ष) | बन्धु राइ (प्राविधिक कर्मचारी प्रविधिक शाखा) | |

Scanned by CamScanner

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा वाल मैत्री स्थानीय शासन अन्तर्गत वाल प्रोफाइल निर्माण गर्ने कार्य मानव अधिकार मञ्च नेपाल सँग साझेदारीमा गर्ने निर्णय गरीयो।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा प्राविधिक कर्मचारी असिष्टेन्ट इन्जिनियर सेवा करारमा राख्न यस गाउँपालिकाको कार्यालयबाट विज्ञापन भएकोमा आवश्यक संख्यामा पदपुर्ती हुन नसकेको हुनाले तत्काललाइ असिष्टेन्ट सव इन्जिनियर पदको प्रतिस्पर्धामा वैकिल्पिक उम्मेद्वार रहेका २ जना उम्मेद्वारलाइ सेवा करारमा राखी कामकाज अगाडी बढाउने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा नमुना विद्यालयमा छनौट भएको नामसालिंग मा.विको व्यवस्थापन पक्ष तथा शैक्षिक गुणस्तर अत्यन्तै कमजोर भएको पाइएकोले गाउँपालिकाको समेत ध्यानाकर्षण भएको छ । मा.विको व्यवस्थापन पक्ष तथा शैक्षिक गुणस्तर सुधार गर्न आवश्यक कार्वाही अगाडी बढाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा आगामी हिउँदे गाउँसभा/गाउँ अधिवेधन २०७५ पौष २७ गते बस्ने निर्णय गरियो ।

Scanned by CamScanner